जहाँ छ मेरो जन्मभूमि त्यहाँ शान्त शीतल जलमग्नमा छन् भक्तवत्सल महेश्वर । म जन्मिए ढुकिएँ यस्तो पावन पुण्यभूमिमा नाम हो यसको जलेश्वर ।।-कवि पवेन्द्र मानश्रेष्ठ

समाज, विकास, लोकतन्त्र र विधिको शासन प्रति समर्पित राष्ट्रिय दैनिक

जि.प्र.का. महोत्तरी द.नं. ४३/०७०/७१
जि. महोत्तरी हु.द.नं. ४/०८०/८१

सबै क्षेत्रको प्रबर्द्धनको गुरु

www.jaleshwortoday.com

# जलेश्वर टुडे

Jaleshwor Today National Daily

एक कदम अगाडि

विज्ञापनको लागि सम्पर्क
: ९८४४०२७९७१
Whats App No:-
९८२४८७७६२७
Gmail :-
Jaleshwortoday
@gmail.com

बर्ष १३ • अंक ३५६ • २०८३ असोज २८ गते बुधवार • 14 Oct. 2026 • पृष्ठ ४ • मुल्य रु.५/-

# एकडारामा स्वास्थ्य कार्यक्रमको वार्षिक समीक्षा सम्पन्न, उत्कृष्ट कर्मचारीलाई प्रशंसापत्र



मो. इर्शाद
महोत्तरी, २७ असोज

महोत्तरीको एकडारा गाउँपालिकामा आर्थिक वर्ष २०८२/०८३ मा सञ्चालित स्वास्थ्य कार्यक्रमहरूको दुईदिने वार्षिक समीक्षा गोष्ठी मंगलबार सम्पन्न भएको छ। गोष्ठीमा गत आर्थिक वर्षमा सञ्चालित स्वास्थ्य कार्यक्रमको प्रगति, स्वास्थ्य संस्थाको कार्यसम्पादन, सेवा प्रवाहमा देखिएका चुनौती तथा चालु आर्थिक वर्षका प्राथमिकताबारे समीक्षा गरिएको छ ।

सोही अवसरमा स्वास्थ्य सेवामा योगदान पु¥याउने स्वास्थ्यकर्मी तथा कर्मचारीलाई प्रशंसापत्र प्रदान गरिएको छ । एकडारा गाउँपालिकाको स्वास्थ्य शाखाद्वारा एकडारा स्वास्थ्य चौकीको सभाहलमा असोज २६ र २७ गते आयोजना गरिएको गोष्ठीमा गाउँपालिकाभित्रका स्वास्थ्य चौकी तथा स्वास्थ्य संस्थाका प्रतिनिधिहरूले आ-आफ्नो संस्थाबाट प्रवाह गरिएका स्वास्थ्य सेवाको अवस्था र उपलब्धिबारे प्रतिवेदन प्रस्तुत गरेका थिए ।

प्रतिवेदनमा स्वास्थ्य कार्यक्रमको प्रगति, सेवा प्रवाहका क्रममा देखिएका समस्या, औषधि व्यवस्थापन तथा स्वास्थ्य सेवालाई थप प्रभावकारी बनाउने उपायका विषयमा छलफल गरिएको थियो । गोष्ठीको मुख्य उद्देश्य गत आर्थिक वर्षमा सञ्चालन गरिएका स्वास्थ्य कार्यक्रमको उपलब्धि र कमजोरी पहिचान गर्नुका साथै चालु आर्थिक वर्ष २०८३/०८४ का लागि आवश्यक रणनीति र कार्ययोजना तय गर्नु रहेको थियो। समीक्षा प्रक्रियाबाट प्राप्त सुझावका आधारमा स्वास्थ्य संस्थाको सेवा प्रवाहलाई व्यवस्थित, गुणस्तरीय र नागरिकमैत्री बनाउने विषयमा जोड दिइएको थियो ।

गोष्ठीका अवसरमा स्वास्थ्य सेवाको क्षेत्रमा योगदान पु¥याउने पाँच जना स्वास्थ्यकर्मी तथा कर्मचारीलाई प्रशंसापत्र प्रदान गरिएको छ। प्रशंसापत्र प्राप्त गर्नेमा सी. अनमी बविता कुमारी मण्डल,जन स्वास्थ्य निरीक्षक राम सजन साह, एकडारा आधारभूत स्वास्थ्य सेवा केन्द्रका अधिकृत छैटौं तहका सी.अ हेव दयाशंकर मिश्र, गाउँपालिकाको स्वास्थ्य शाखामा कार्यरत छैटौं तहका इब्राहिम नदाफ र स्वास्थ्य शाखा प्रमुख महेन्द्र कुमार मण्डल रहेका छन् । स्वास्थ्य सेवा प्रवाहमा संलग्न जनशक्तिको योगदानको कदर गर्दै प्रदान गरिएको प्रशंसापत्रले स्वास्थ्यकर्मी तथा कर्मचारीलाई आफ्नो जिम्मेवारीप्रति थप प्रोत्साहित गर्ने अपेक्षा गरिएको छ । स्वास्थ्य संस्थाको कार्यसम्पादनमा मधेश प्रदेश स्वास्थ्य निर्देशनालय सपही धनुषाको ऱ्याङ्किङ तथा ग्रेडिङ अभिलेखअनुसार एकडारा गाउँपालिकाका विभिन्न स्वास्थ्य संस्थाले फरक-फरक ग्रेड प्राप्त गरेका छन्। उपलब्ध विवरणअनुसार एकडारा स्वास्थ्य चौकीले ‘A+’, बगिया आधारभूत स्वास्थ्य सेवा केन्द्रले ‘B+’, भटौलिया स्वास्थ्य चौकीले ‘B’, हलखोरी स्वास्थ्य चौकीले ‘B’ तथा कोल्हुवा बगिया स्वास्थ्य चौकीले ‘C+’ ग्रेड प्राप्त गरेका छन् । गोष्ठीमा प्रस्तुत प्रतिवेदन तथा छलफलबाट प्राप्त निष्कर्षलाई आगामी स्वास्थ्य कार्यक्रमको योजना निर्माण र कार्यान्वयनमा उपयोग गर्दै गाउँपालिकाभित्रका स्वास्थ्य संस्थाबाट उपलब्ध हुने सेवाको गुणस्तर अभिवृद्धि गर्नुपर्नेमा जोड दिइएको थियो ।

कार्यक्रममा गाउँपालिका अध्यक्ष दीप नारायण मण्डल, प्रमुख प्रशासकीय अधिकृत उमेश कुमार महतो, स्वास्थ्य कार्यालय महोत्तरीका प्रमुख श्रवण कुमार नायक, तथ्याङ्क अधिकृत नवल किशोर साह, वडा अध्यक्षहरू मनोज कुमार मण्डल,सखीचन्द्र यादव, जीवछ यादव, सिराज अन्सारी र रामबिलास यादव तथा स्वास्थ्य शाखा प्रमुख महेन्द्र कुमार मण्डललगायत स्वास्थ्यकर्मी, सञ्चारकर्मी र सरोकारवालाहरूको उपस्थिति रहेको थियो ।

# मधेश प्रदेशमा २१ दशमलव ३ प्रतिशत बालबालिका बहुआयामिक वञ्चितीकरणको अवस्थामा

जलेश्वरटुडे समाचारदाता
जनकपुरधाम, २७ असोज



मधेश प्रदेशमा २१ दशमलव ३ प्रतिशत बालबालिका बहुआयामिक वञ्चितीकरणको अवस्थामा रहेको पाइएको छ ।

शिक्षा, स्वास्थ्य, पोषण तथा आधारभूत सुविधामा पहुँचको अवस्थालाई विश्लेषण गर्दा प्रदेशका बालबालिकाको जीवनस्तर कमजोर देखिएको हो । राष्ट्रिय तथ्यांक कार्यालयको प्रतिवेदनअनुसार मधेशमा पाँच वर्षमुनिका २६ दशमलव २ प्रतिशत बालबालिकामा पुड्कोपनको समस्या छ । त्यस्तै, ६ देखि २३ महिनासम्मका ६० दशमलव ७ प्रतिशत शिशु तथा बालबालिकाले पर्याप्त र विविध प्रकारको आहार पाउन सकेका छैनन् ।

बालबालिकाको अवस्था सुधार गर्न शिक्षा, स्वास्थ्य, पोषण र आधारभूत सेवामा पहुँच विस्तार गर्ने प्रभावकारी नीति तथा कार्यक्रम आवश्यक रहेको सरोकारवालाहरूले बताएका छन् । मधेश प्रदेशको नीति तथा योजना आयोगका सदस्य नवल यादवले सबै सम्भावनाले भरिपूर्ण प्रदेशमा बालबालिकाको अवस्था दयनीय रहनु चिन्ताको विषय भएको बताए । उनले बालबालिकाको समग्र विकासका लागि शिक्षा, स्वास्थ्य, पोषण तथा आधारभूत सेवासम्बन्धी कार्यक्रमलाई प्राथमिकताका साथ अघि बढाउनुपर्नेमा जोड दिए । उनका अनुसार बालबालिकाको जीवनस्तर सुधार गर्न उनीहरूको आवश्यकता र समस्यालाई केन्द्रमा राखेर नीति निर्माण तथा कार्यक्रम कार्यान्वयन गर्न आवश्यक छ । राष्ट्रिय तथ्यांक कार्यालयका तथ्यांक अधिकारी ढुण्डीराज लामिछानेले बालबालिकामा देखिएको बहुआयामिक वञ्चितीकरण न्यूनीकरण गर्न शिक्षा, स्वास्थ्य र खानेपानीमा पहुँच विस्तारसँगै डिजिटल साक्षरतालाई समेत प्राथमिकता दिनुपर्ने बताए । प्रतिवेदनले विपन्न परिवारका बालबालिका तथा कम शैक्षिक स्तर भएका आमाका सन्तान बहुआयामिक वञ्चितीकरणको बढी जोखिममा रहने गरेको देखाएको छ। आर्थिक अवस्था, शैक्षिक पहुँच र आधारभूत सेवाको उपलब्धताले बालबालिकाको जीवनस्तरमा प्रत्यक्ष प्रभाव पार्ने देखिएको छ। बालबालिकाको अवस्था सुधार गर्न तथ्यांकमा आधारित योजना निर्माण, जोखिममा रहेका परिवारको पहिचान तथा लक्षित कार्यक्रम सञ्चालन गर्नुपर्ने आवश्यकता औँल्याइएको छ ।

मधेशमा बालबालिकाको पोषण, स्वास्थ्य, शिक्षा र आधारभूत सुविधामा पहुँच सुनिश्चित गर्न सरकारी निकाय, स्थानीय तह तथा सरोकारवाला संस्थाबीच प्रभावकारी समन्वय आवश्यक देखिएको छ ।




# नागरिक सुनुवाइ सम्पन्न

जलेश्वरटुडे समाचारदाता
महोत्तरी, २७ असोज

महोत्तरीको रामगोपालपुर नगरपालिकामा सार्वजनिक सेवा प्रवाह, शान्तिसुरक्षा तथा स्थानीय समस्याबारे नागरिकका गुनासा र सुझाव संकलन गर्ने उद्देश्यले नागरिक सुनुवाइ कार्यक्रम सम्पन्न भएको छ। जिल्ला प्रशासन कार्यालय र जिल्ला प्रहरी कार्यालय महोत्तरीको समन्वय तथा रामगोपालपुर नगरपालिकाको आयोजनामा मंगलबार कार्यक्रम सम्पन्न भएको हो ।रामगोपालपुर नगरपालिका-४ स्थित सामुदायिक भवनको सभाहलमा आयोजित कार्यक्रमको अध्यक्षता महोत्तरीका प्रमुख जिल्ला अधिकारी इन्द्रदेव यादवले गरेका थिए भने नगर प्रमुख रामदुलार साह प्रमुख अतिथिका रूपमा सहभागी थिए ।

कार्यक्रममा जिल्ला प्रहरी कार्यालय महोत्तरीका प्रमुख प्रहरी उपरीक्षक श्यामकुमार सारु मगर, राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालय महोत्तरीका उपअनुसन्धान निर्देशक दिलीपकुमार सिंह, जिल्ला ट्राफिक प्रहरी कार्यालय बर्दिबासका प्रमुख प्रहरी निरीक्षक बाबुराम कार्की लगायतको उपस्थिति रहेको थियो ।

जहाँ छ मेरो जन्मभूमि त्यहाँ शान्त शीतल जलमग्नमा छन् भक्तवत्सल महेश्वर । म जन्मिए हुर्किएँ यस्तो पावन पुण्यभूमिमा नाम हो यसको जलेश्वर ।।-कवि पवेन्द्र मानश्रेष्ठ
समाज, विकास, लोकतन्त्र र विधिको शासन प्रति समर्पित राष्ट्रिय दैनिक
सबै क्षेत्रको प्रबर्द्धनको गुरु
जि.प्र.का. महोत्तरी द.नं. ४३/०७०/७१
जि. महोत्तरी हु.द.नं. ४/०८०/८१
www.jaleshwortoday.com
जलेश्वर टुडे
Jaleshwor Today National Daily
एक कदम अगाडि



## सम्पादकीय....................

# विपद्पछिको वास्तविक पुनर्निर्माण

बाढीपछि तत्काल राहत अत्यावश्यक रहेका छन, तर राहतको सफलता कति बोरा चाउचाउ वा बिस्कुट वितरण भयो भन्ने कुराले मात्र मापन हुनु हुँदैन । त्यस्तो अवस्थामा ध्यान दिनुपर्ने कुरा हो : के गर्भवती महिलाले पर्याप्त खाना पाइरहेकी छिन् ? के सुत्केरी आमालाई पोषण र सुरक्षित स्तनपानको वातावरण रहेका छन ? के नवजात शिशु सुरक्षित छ ? के बालबालिकाले विविध खाना पाइरहेको छ ? के किशोरीसँग महिनावारी स्वच्छताको सुविधा रहेका छन ? के सबैसँग सुरक्षित पानी र सफा शौचालय छन ? के होल्डिङ सेन्टरमा रोग फैलिन नदिने व्यवस्था छन ? यी प्रश्नको उत्तर सकारात्मक बनाउन सकियो भने मात्र राहतले वास्तविक अर्थमा जीवन जोगाउने काम गर्छ । बाढी प्रभावित मानिसलाई तत्काल खाना चाहिन्छ, तर कस्तो खाना ? भन्ने प्रश्न पनि त्यत्तिकै महत्त्वपूर्ण छन । चाउचाउ, बिस्कुट र अन्य तयारी खाना आपत्कालीन राहतका उपयोगी सामग्री हुन सक्छन्, तर तिनसँगै स्थानीय तरकारी, दाल, अन्डा, फलफूल तथा सुरक्षित रूपमा तयार गरिएका अन्य पौष्टिक खाद्य सामग्रीलाई पनि प्राथमिकता दिनुपर्छ । विशेषगरी गर्भवती महिला, सुत्केरी आमा, नवजात शिशु, बालबालिका र किशोरीहरूलाई विशेष पोषण, सुरक्षा र स्वच्छताको आवश्यकता हुन्छन । बाढीको पानी घटेपछि पनि हाम्रो जिम्मेवारी सकिँदैन । किनकि स्वस्थ समुदाय नै विपद्पछिको वास्तविक पुनर्निर्माणको पहिलो आधार रहेको देखिन्छ ।

# सातै प्रदेशका मुख्यमन्त्री सदस्य रहने गरी 'मुख्यमन्त्री साझेदारी विकास मञ्च' गठन

**जलेश्वरटुडे समाचारदाता**
**विराटनगर, २७ असोज**



मधेश प्रदेशका मुख्यमन्त्री कृष्णप्रसाद यादवले प्रदेशहरूबीच सहकार्य, साझेदारी र विकासका साझा कार्यक्रमलाई प्रभावकारी बनाउन सातै प्रदेशका मुख्यमन्त्री सदस्य रहने गरी 'मुख्यमन्त्री साझेदारी विकास मञ्च' गठन गर्न प्रस्ताव गरेका छन् ।

विराटनगरमा जारी अन्तरप्रदेश मुख्यमन्त्री सम्मेलनलाई सम्बोधन गर्दै मुख्यमन्त्री यादवले प्रदेशहरूबीच आपसी सहयोग र समन्वय अभिवृद्धि गर्न छुट्टै कोष स्थापना गर्नुपर्ने आवश्यकता औँल्याएका हुन् । उनले प्रदेशहरूबीच साझा विकासका योजना सञ्चालन गर्न साझेदारी विकास कोष उपयोगी हुने धारणा राख्दै अन्तरप्रदेश लगानी बैंकको अवधारणालाई समेत स्वागतयोग्य बताएका छन् । प्रदेशहरूले आ-आफ्नो स्रोत, साधन र क्षमताको उपयोग गर्दै साझा हितका क्षेत्रमा सहकार्य गर्नुपर्नेमा उनले जोड दिएका छन् । मुख्यमन्त्री यादवले प्रदेश सरकारको स्वायत्तता र संवैधानिक अधिकार कार्यान्वयनको विषय पनि सम्मेलनमा उठाएका छन् । प्रदेशका मन्त्रालयमा संघीय सरकारले सचिव पठाउने अभ्यासले प्रदेशको प्रशासनिक स्वायत्ततामा समस्या सिर्जना गरेको उल्लेख गर्दै उनले संविधानका अनुसूचीमा व्यवस्था गरिएका अधिकारअनुसार प्रदेशलाई जिम्मेवारी हस्तान्तरण गर्नुपर्ने माग गरे । त्यस्तै, प्रदेशमा शान्तिसुरक्षा कायम गर्ने विषयमा प्रहरीको भूमिका थप प्रभावकारी बनाउनुपर्ने आवश्यकता उनले औँल्याएका छन् । प्रदेशको शान्तिसुरक्षा व्यवस्थालाई सुदृढ बनाउन आवश्यक अधिकार, जिम्मेवारी र संस्थागत व्यवस्थामा सुधार गर्नुपर्ने उनको भनाइ थियो ।

# केवाईसी अपडेट गर्ने बहानामा करिब ५० लाख रुपैयाँ ठगी

**जलेश्वरटुडे समाचारदाता**
**रौतहट, २७ असोज**



बैंक तथा ई-सेवाको कर्मचारी भएको भन्दै ग्राहकलाई केवाईसी अपडेट गर्ने बहानामा करिब ५० लाख रुपैयाँ ठगी गरेको आरोपमा रौतहट प्रहरीले भारतीय नागरिक सहित तीन जनालाई पक्राउ गरेको छ । जिल्ला प्रहरी कार्यालय गौरले पत्रकार सम्मेलन गरी पक्राउ परेका तीन जनालाई सार्वजनिक गरेको हो ।

पक्राउ पर्नेमा भारतको बिहारस्थित सीतामढीका २४ वर्षीय मोहम्मद साहिल, २२ वर्षीया सलोनी कुमारी सोनी र रौतहटको गौर नगरपालिका-५ का १८ वर्षीय नितेश कुशवाहा रहेका छन् । जिल्ला प्रहरी कार्यालय रौतहटका प्रमुख प्रहरी उपरीक्षक सीताराम रिजालका अनुसार असोज २३ गते गौर नगरपालिका-३ को पोखरिया टोल र वडा नम्बर-५ को कोइरी टोलमा छापा मारेर उनीहरूलाई पक्राउ गरिएको हो । प्रहरीका अनुसार घटनासम्बन्धी हालसम्म २२ वटा उजुरी परेका छन् । प्रारम्भिक अनुसन्धानबाट ४९ लाख ८७ हजार ३३३ रुपैयाँ ठगी भएको खुलेको एसपी रिजालले जानकारी दिएका छन् ।

प्रहरीको प्रारम्भिक अनुसन्धानअनुसार आरोपितहरूले बैंक वा ई-सेवाको कर्मचारी भएको परिचय दिँदै फोन तथा ह्वाट्सएप मार्फत सर्वसाधारणलाई सम्पर्क गर्ने गरेका थिए । त्यसक्रममा उनीहरूले केवाईसी अपडेट गर्नुपर्ने भन्दै सेवाग्राहीलाई विश्वासमा लिने गरेका थिए । त्यसपछि भिडियो कलमार्फत मोबाइलको स्क्रिन शेयर गर्न लगाउने र गुगल फारम भर्न लगाएर बैंकिङ विवरण प्राप्त गर्ने गरेको खुलेको छ । प्राप्त विवरणको दुरुपयोग गरी पीडितको बैंक खाता तथा डिजिटल वालेटबाट रकम अन्यत्र स्थानान्तरण गर्ने गरेको प्रहरीको भनाइ छ । ठगीबाट प्राप्त रकम अमेरिकी डलरमा रूपान्तरण गरी बाइनान्स मार्फत स्थानान्तरण गरिएको तथा क्रिप्टोकरेन्सीमा लगानी गरिएको हुन सक्ने प्रहरीको आशंका छ ।

यसबारे थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ । पक्राउ परेका व्यक्तिहरूको साथ तथा सम्बन्धित स्थानबाट प्रहरीले १ लाख ६२ हजार २१० नेपाली रुपैयाँ र ३ हजार २३६ भारतीय रुपैयाँ बरामद गरेको छ ।




## तपाईको टुडे

मेष: पिछडेको साथी मिल्ने
वृष: अनावश्यक चिन्ता
मिथून: मित्रतामा फाटो आउने
कर्कट: मनमा पछुतो आउने
सिंह: खानपानमा समस्या आउने
कन्या: अशुभ समाचार प्राप्त हुने
तुला: पढाईमा ध्यान दिनुपर्ने
वृश्चिक: शुभ कार्यको शुरुवात
धनु: विचार गरेर बोल्नुहोला
मकर: लामो यात्राको योग छ
कूम्भ: अनावश्यक खर्चको संभावना
मीन: आम्दानी हुने

## मधेश प्रदेशको गौरव

श्री सत्यनारायण भगवानको दर्शन गरौं,मनबाञ्छित फल पाऔं ।



आरती : विहान : ९ र राति ८ बजे
ठेगाना : शरञ्चियाँ कुट्टि र कलबार कुट्टिको विचमा,पु.:९८२७८१४५८८

श्री देवअंशी लहेरी समाज, जनकपुरधाम–४,धनुषा

## आवश्यक टेलिफोन नम्बरहरु

### जलेश्वर

| | |
|---|---|
| नेपाल पत्रकार महासंघ महोत्तरी | ५२०५१५ |
| जलेश्वरअस्पताल एम्बुलेन्स | ९७४४००२५२७ |
| नेपाल रेडक्रस सोसाइटी एम्बुलेन्स | ५२०१००, |
| सामुदायिक विकास परि.एम्बुलेन्स | ५२१००५, |
| RCDSC एम्बुलेन्स | ५२०२९८, |
| दसहारा एम्बुलेन्स | ५२०६७७, ९८४४२६०००० |
| बर्दिबास अस्पताल एम्बुलेन्स | ५५००९०, |
| बर्दिवास सेवा समिति एम्बुलेन्स | ५५०५८६, |
| रामगोपालपुर एम्बुलेन्स | ६९०५९३ |
| जिल्ला प्रहरी | ५२०००९ |
| विद्युत | ५२०१६६ |
| वारुण यन्त्र | ५२००९७ |
| जिल्ला प्रशासन | ५२००५५ |

आवश्यक नम्वरहरुको लागि सम्पर्क गरौं १९७

### जनकपुर

| | |
|---|---|
| प्रहरी धनुषा | 520099, 100 |
| सुरक्षा गुल्म जनकपुर बैरेक | 0186,526586 |
| सशस्त्र प्रहरी मुजेलिया | 527213, 527800 |
| मुजेलिया प्रहरी चौकी | 520750 |
| ट्राफिक कार्यालय जिरोमाईल | 520366 |
| एम्बुलेन्स पब्लिक वेल फेयर | 9854022474 |
| एम्बुलेन्स रेडक्रस | 102 |
| एम्बुलेन्स (सरोज फाउन्डेशन) | 522806 |
| महाबीर एम्बुलेन्स | 525980 |
| एम्बुलेन्स मेडिकल कलेज | 526091 |
| एम्बुलेन्स केयर मेडिकल सेन्टर | 523864 |
| बरुण यन्त्र जनपा | 520011 |
| जिल्ला जनस्वास्थ्य कार्यालय | 526271 |
| जनकपुर अंचल अस्पताल | 520033 |
| केयर मेडिकल सेन्टर | 523864 |
| धनुषा तथा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | 525800 |
| जानकी हेल्थ केयर एण्ड रिसर्च सेन्टर | 525342 |

## जलेश्वरनाथ मन्दिर पुजाआजा

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| विहान पुजा आरती | : ०५:३० बजे |
| विहान ढोका बन्द | :१२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | :०४:०० बजे |
| सन्ध्या पूजा आरती साँझ | :०६:३० बजे |
| राति ढोका बन्द हुने समय | : १२ बजे |

(हरेक हप्ताको मंगलबार र शनिबार मन्दिर प्राङ्गणमा दिउँसो भजन किर्त्तन सहित हनुमान आराधना )

## जानकी मन्दिर पुजाआजा

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| विहान पुजा आरती | : ०७:३० बजे |
| विहान ढोका बन्द | :१२:०० बजे |
| अन्न क्षेत्र | : नि:शुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | :०४:०० बजे |
| सन्ध्या पूजा आरती साँझ | :०७:३० बजे |

# अस्ट्रेलियामा वन्यजन्तु संरक्षणमा एआईको उपयोग बढ्दै



जलेश्वरटुडे समाचारदाता
काठमाण्डौं, २७ असोज

कृत्रिम बुद्धिमत्ता (एआई) को प्रयोगले उत्तरी अस्ट्रेलियामा आदिवासी रेन्जरले वन्यजन्तुको अनुगमनका क्रममा गर्नुपर्ने तस्बिर प्रशोधनसम्बन्धी कार्यभार ८१ दशमलव चार प्रतिशतले घटाएको एक अध्ययनले देखाएको छ।

अस्ट्रेलियाको चार्ल्स डार्विन विश्वविद्यालय (सीडीयू)ले मङ्गलबार जारी गरेको विज्ञप्ति अनुसार, अनुसन्धानकर्ताले उत्तरी क्षेत्रको पश्चिम अर्नहेमस्थित वार्डेकेन आदिवासी संरक्षित क्षेत्रमा समुदायको नेतृत्वमा सञ्चालन भइरहेको वन्यजन्तु अनुगमन कार्यक्रममा एआईको प्रयोगबारे अध्ययन गरेका थिए । उक्त कार्यक्रममा सांस्कृतिक र संरक्षणका दृष्टिले महत्वपूर्ण वन्यजन्तुको निगरानी गर्न क्यामेरा 'ट्र्याप' प्रयोग गरिन्छ। यसले भूमि व्यवस्थापनमा परम्परागत भूमिधनी समुदाय र आदिवासी रेन्जरको सहभागिता सुनिश्चित गर्छ। वार्डेकेन भूमि व्यवस्थापन, चार्ल्स डार्विन विश्वविद्यालय र अस्ट्रेलियाको राष्ट्रिय विज्ञान निकाय राष्ट्रमण्डल वैज्ञानिक तथा औद्योगिक अनुसन्धान सङ्गठन (सीएसआईआरओ)का अनुसन्धानकर्ताले रेन्जरले सङ्कलन गरेको एक हजार ५७२ घण्टाको तथ्याङ्कमा 'मेगाडिटेक्टर' नामक एआईमा आधारित वन्यजन्तु पहिचान प्रणाली प्रयोग गरेका थिए।

अध्ययनअनुसार, उक्त प्रविधिले विस्तृत विश्लेषण गर्नुपर्ने तस्बिरको सङ्ख्या नौ लाख २५ हजार ८८ बाट घटाएर एक लाख ७२ हजार २९० मा सीमित गरेको थियो । यससँगै तस्बिर प्रशोधन गर्न लाग्ने समय पनि छ महिनाबाट घटेर दुई महिनामा झरेको थियो । कार्यभार घटेपछि रेन्जरले भूमि व्यवस्थापन र वन्यजन्तुका प्रजाति पहिचानमा बढी समय दिन पाएका छन् ।

साथै, स्थानीय भाषाको अभिलेखीकरण तथा शैक्षिक सामग्री विकासजस्ता गतिविधिमा पनि उनीहरूलाई थप समय उपलब्ध भएको अनुसन्धानकर्ताले बताएका छन् । अध्ययनले एआईको प्रयोगबाट वन्यजन्तु अनुगमनलाई थप प्रभावकारी बनाउनुका साथै आदिवासी समुदायको संरक्षणसम्बन्धी काम र सांस्कृतिक ज्ञानको अभिलेखीकरणमा सहयोग पुग्न सक्ने देखाएको छ।

# 'सुपरस्टार' रजनीकान्तलाई अभिनयभन्दा बस कन्डक्टरको त्यो जागिर प्यारो !

जलेश्वरटुडे समाचारदाता
काठमाण्डौं, २७ असोज



दक्षिण भारतीय सुपरस्टार रजनीकान्तले आफूलाई अभिनयभन्दा विगतको बस कन्डक्टरको जागिर बढी मन पर्ने बताएका छन् । ७५ वर्षको उमेरमा पनि चलचित्रमा मुख्य भूमिका निर्वाह गरिरहेका उनले आफ्नो विगत सम्झँदै कन्डक्टरका रूपमा बिताएका पाँच वर्ष जीवनका अविस्मरणीय समय भएको बताए ।

आगामी चलचित्र 'जेलर २' को एक कार्यक्रममा रजनीकान्तले आफ्नो पुरानो पेसाबारे चर्चा गरेका हुन्। सन् १९७५ मा के. बालचन्दरको चलचित्र 'अपूर्वा रागंगल' बाट अभिनयमा डेब्यु गर्नुअघि उनी बैंगलोरमा बस कन्डक्टरका रूपमा काम गर्थे । 'अभिनय मलाई पक्कै पनि मनपर्छ । तर मलाई बस कन्डक्टरको जागिर त्योभन्दा धेरै गुणा बढी मन पर्थ्यो,' उनले भने । कन्डक्टरका रूपमा बिताएका पाँच वर्ष अद्भुत रहेको स्मरण गर्दै उनले आफूलाई अहिले पनि कन्डक्टरकै रूपमा चिन्ने बताए । 'मलाई आज पनि ती दिनहरूको याद आउँछ ।

त्यसैले, म मनैदेखि मान्छु कि म एउटा कन्डक्टर हुँ र सधैँ रहिरहनेछु,' उनले भने, 'साँचो भन्नुपर्दा म आज पनि सुपरस्टारडम र यति धेरै चर्चासँग आफूलाई जोड्न सक्दिनँ । त्यसैले म कहिलेकाहीँ बैंगलोर जान्छु । जब म त्यहाँ बस देख्छु, मलाई धेरै खुसी लाग्छ ।' दर्शकको मायाले मुख्य भूमिकामा: ७५ वर्षको उमेरमा पनि चलचित्रमा मुख्य भूमिका निर्वाह गरिरहनुको कारणबारे बोल्दै रजनीकान्तले दर्शकको माया र समर्थनलाई श्रेय दिए । 'यो सबै मेरा ती तमिल दर्शकहरूको कारणले हो, जो मेरा लागि भगवान्जस्तै छन् ।

# ९० किलो लागुऔषध गाँजासहित एक जना पक्राउ

जलेश्वरटुडे समाचारदाता
सिरहा, २७ असोज



सिरहाको सखुवानन्कारकट्टी गाउँपालिका-५ कल्याणपुरबाट प्रहरीले ९० किलो लागुऔषध गाँजासहित एक जनालाई पक्राउ गरेको छ । पक्राउ पर्नेमा स्थानीय ४३ वर्षीय जगदिश यादव रहेका छन् ।

जिल्ला प्रहरी कार्यालय सिरहाका अनुसार गाँजाको बिक्री भइरहेको भन्ने गोप्य सूचनाका आधारमा सोमबार राति करिब ११ बजे इलाका प्रहरी कार्यालय लहान र प्रहरी चौकी महेशवारीबाट संयुक्त प्रहरी टोली खटिएको थियो । प्रहरी टोलीले कल्याणपुरस्थित यादवको घरमा खानतलासी गर्दा सेतो बोराभित्र प्लास्टिकमा प्याक गरेर राखिएको अवस्थामा ९० किलो गाँजा बरामद गरेको हो । जिल्ला प्रहरी कार्यालय सिरहाका प्रवक्ता एवं प्रहरी नायब उपरीक्षक रमेशबहादुर पालका अनुसार बरामद गाँजासहित यादवलाई नियन्त्रणमा लिइएको छ।

पक्राउ परेका यादवलाई बरामद गाँजासहित थप अनुसन्धान तथा आवश्यक कानुनी कारबाहीका लागि इलाका प्रहरी कार्यालय लहानमा राखिएको प्रहरीले जनाएको छ । घटनाबारे थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय सिरहाले जनाएको छ ।












# सुशासनको कसीमा सरकार

-वालेन्द्र शाह नेतृत्वको सरकार सुशासनको नारामा गठन भए पनि आफ्नै सयबुँदे कार्यसूचीप्रति उत्तरदायी र जवाफदेही देखिएको छैन । किसान पेन्सन, बस्ती व्यवस्थापन र राहतजस्ता विषयमा प्रक्रियागत पारदर्शिता तथा सार्वजनिक जवाफको अभावले सरकारको सुशासनप्रतिको प्रतिबद्धतामाथि प्रश्न उठाएको छ । सुशासनका लागि सामाजिक न्याय, बहुसरोकारवालासँग संवाद, अधिकार-कर्तव्यको तालमेल र संघीय संरचनाबीच पारस्परिक सम्मानसहित बलिया सार्वजनिक संस्थाको आवश्यकता छ ।

वालेन्द्र शाह सरकारको जग सुशासनको नारामा स्थापित भएको हो । विगतमा बेथिति र कुशासन भयो भन्ने जनताको अनुभूति जेन-जी आन्दोलनमार्फत प्रस्फुटन भएको थियो । त्यसक्रममा सुशासनको नारा चर्कोसँग उठेको थियो । त्यही नारालाई रास्वपाले मतमा रूपान्तरण गर्न सक्यो । त्यसपछि नै शाहको नेतृत्वमा सरकार बन्न सक्यो । शाहले रास्वपामार्फत नै चुनाव लडेकाले सो दलको घोषणापत्रप्रति उनी उत्तरदायी छन् । त्यसपछि पनि उनले सरकार बन्नासाथ सरकारको कार्यसूची सार्वजनिक गरेका छन् । त्यसप्रति पनि उत्तरदायी हुनुपर्नेछ । शाह प्रधानमन्त्री भएयता सरकारले सुशासनको दिशातर्फ कुन गतिका साथ पाइला चालेको छ ? सुशासन फगत नारा मात्रै हो कि त्यो सरकारको कामकारबाहीमा पनि प्रतिबिम्बित भएको छ ? यस्ता विषयमा छलफल गर्नुपर्ने बेला आएको छ । सुशासनका केही राजनीतिक मान्यताभित्र रहेर छलफल र विश्लेषण गर्न सकियो भने वस्तुनिष्ठ निष्कर्षमा पुग्न सकिन्छ । सुशासनलाई प्राविधिक खेल मात्रै बनाइएको वर्तमान समयमा केही सैद्धान्तिक ढाँचाभित्र रहेर सरकारको कार्यशैली र सुशासनबीच तादात्म्य मिलेको छ वा छैन भन्ने कोणबाट यस लेखमा विश्लेषणको प्रयास गरिएको छ ।

सरकारको उत्तरदायित्व र जवाफदेहिता: वालेन्द्र शाहले आफू प्रधानमन्त्री भएपछि आफूले प्राथमिकता दिने कामको सूची प्रस्तुत गरेपछि उनी सबैभन्दा उत्तरदायी र जवाफदेही हुनुपर्ने पक्ष त्यही हो । रास्वपाको घोषणापत्रलाई भने उनले व्यावहारिक रूपमा खासै बाध्यकारी नठानेको व्यवहार प्रस्तुत गरिरहेका छन् । तर आफैंले प्रस्तुत गरेको कार्यसूचीबारे भने उनले त्यसपछि पाना पल्टाएर हेरेका होलान् कि नहोलान् ? आशंका छ । एउटा उदाहरण हेरौं । सयबुँदे कार्यसूचीमा किसान पेन्सनको प्रक्रिया सुरु गर्ने भनिएको छ । तर किसान पेन्सनबारे उनले कुनै काम सुरु गरेको विषय सार्वजनिक भएको छैन । मुख्यत: किसान पेन्सनको काम किन सुरु भएन भनेर उनले जवाफ पनि दिएका छैनन् । यस्ता धेरै कार्यसूचीको प्रगति विवरणका सन्दर्भमा उनले जवाफ दिन जरुरी ठानिरहेका छैनन् ।

संसद्लाई मात्र होइन, उनले सार्वजनिक रूपमै जवाफ दिनुपर्ने हो । तर, त्यसो हुन सकिरहेको छैन । प्रधानमन्त्री शाह संसद्लाई त जवाफ दिँदैनन् र संसद्प्रति उत्तरदायी देखिँदैनन् । यस्तो स्थितिमा नागरिकप्रतिको उत्तरदायित्व र जवाफदेहिता त्यसै कमजोर हुन्छ । लोकतन्त्रमा सरकार सुशासनप्रति इमानदार छ कि छैन भनेर बुझ्न उसले गरिरहेका काम मात्रै पर्याप्त हुँदैन । उसले वाचा गरेका तर पूरा गर्न नसकेको कामबारे जनतालाई खुलस्त रूपमा बताउँछ कि बताउँदैन भन्ने सन्दर्भबाट पनि बुझ्नुपर्ने हुन्छ । यस अर्थमा उत्तरदायित्व र जवाफदेहिताको पक्षमा प्रधानमन्त्री शाह नेतृत्वको सरकार कमजोर देखिएको छ । सुशासनको नारा र आकांक्षाको पृष्ठभूमिमा यो सरकार गठन भयो, त्यही दिशातर्फ भने कमै मात्र हिँडेको अनुभव भइरहेको छ । जब उत्तरदायित्व र जवाफदेहिता नै कम हुन्छ, शासन पद्धति जानी-नजानी स्वेच्छाचारितातर्फ उन्मुख हुन्छ । सुशासनको अभावले लोकतन्त्र नियन्त्रित हुन्छ । कमजोर हुन्छ । उत्तरदायित्व र जवाफदेहिताका लागि संयन्त्र: नेपालमा प्रधानमन्त्री र पार्टी प्रमुख एउटै व्यक्ति हुने परम्परा छ, केही अपवादबाहेक । विगतमा पार्टीले सरकारलाई उत्तरदायी र जवाफदेही बनाउन नसक्नुको एउटा कारण पनि यही थियो । पार्टी प्रमुख नै प्रधानमन्त्री भएपछि पार्टी पनि बालुवाटारमै बसाइ सरेको देखिन्थ्यो । पार्टी र सरकारबीच प्रभावकारी संवाद हुन सक्दैनथ्यो । असन्तोषका स्वर उठ्थे, तर निष्कर्षमा नपुग्दै बिलाउँथे । कहिलेकाहीँ विग्रहसम्म पनि पुग्थ्यो । अहिले रास्वपाका लागि एउटा अभूतपूर्व अवसर उपलब्ध छ । पार्टी सभापति सरकारमा छैनन् । पार्टीले सरकारलाई सहयोग गर्न उत्तरदायी र जवाफदेही बनाउन एउटा विशेष संयन्त्रको निर्माण गर्न सक्छ । तर त्यो देखावटीका लागि मात्रै हुनुहुँदैन । त्यस्तो संयन्त्र निर्माणको उद्देश्य सरकारको प्रतिपक्ष हुन होइन । पार्टीबीच अनावश्यक द्वन्द्व सिर्जना गर्न पनि होइन । भएका द्वन्द्वलाई व्यवस्थापन गर्न हो । सरकारलाई आफैंले बोलेको विषयप्रति उत्तरदायी बनाउन हो । सरकारको कामलाई सजिलो बनाउनका लागि हो ।

त्यस्तो संयन्त्रले सरकार स्वयंले बोलकबोल गरेका काम कहाँ पुगे, कति भए, कति भएनन् भनेर विश्लेषण गरेर सरकारलाई नै सुझाव दिन सक्छ । तर यस्तो संयन्त्रमा रास्वपा र सरकारको खासै रुचि देखिएन । प्रधानमन्त्री आफ्नै दलप्रति उत्तरदायी र जवाफदेही हुन सकेन भने त्यो दल पनि मूकदर्शक बन्नुपर्ने अवस्था आउन सक्छ । प्रक्रियामा पारदर्शिता: सुशासनको एउटा मूलमर्म प्रक्रियाको पारदर्शिता हो । सरकारले धेरै मान्छेका लागि राम्रै नियतले गजब काम गर्न खोजे पनि प्रक्रिया पारदर्शी भएन भने परिणाम राम्रो आउन सक्दैन । पछिल्लो समयमा विश्वव्यापी रूपमा गरिएको एउटा बहस हो- नियत वा उद्देश्य राम्रो भएर मात्रै पुग्दैन, प्रक्रिया पनि पारदर्शी हुनुपर्छ । भोटेकोशीमा आएको बाढीमा सरकारको नियत राम्रै थियो होला, तर उद्धार समयमै हुन सकेन । राहत व्यवस्थापन व्यवस्थित हुन सकेन । किन ? किनभने प्रक्रिया पारदर्शी थिएन । अहिले सरकारले बस्ती



व्यवस्थापनको प्रक्रिया कसरी सुरु गरेको छ ? कहाँ पुगेको छ ? नागरिकलाई धेरै थाहा छैन । प्रक्रियाको पारदर्शिताको कोणबाट हेर्ने हो भने सरकारले ल्याउने नीतिहरू खुला बहसमार्फत ल्याउन खोजिएको छैन । प्रक्रिया पारदर्शी नभइन्जेल सरकारले सुशासन कायम गर्नै सक्दैन । भोटेकोशीको बाढीको प्रक्रियामा मात्रै होइन, अन्य धेरै प्रक्रियामा पनि सरकारले नीतिगत रूपमै पारदर्शितालाई फराकिलो बनाएको पाइँदैन, नीति पारदर्शी नभएपछि प्रक्रिया पनि पारदर्शी हुन सकिरहेको छैन । जब नीति र प्रक्रियामा पारदर्शिता व्यवस्थित हुँदैन, तब सुशासनको प्रक्रिया शिथिल हुँदै जान्छ । अन्तत: लोकतन्त्रलाई औपचारिककरणमा परिणत गर्छ ।

लोकतन्त्रका लागि यो ठूलो खतरा हो । रास्वपा र सरकारले बढी जान्नुपर्ने विषय हो- कुशासन थुप्रिँदै गयो भने के हुन्छ ? सुशासनको अभावले बढाउने नागरिक असन्तोष नै हो । सामाजिक न्याय एजेन्डा र सुशासन: अहिले सरकारले सकारात्मक विभेदको पक्षमा के-के काम गरिरहेको छ, पहिलेभन्दा उन्नत तरिकाले गरिरहेको छ भनेर जवाफ दिएको छैन । सुशासनको कोणबाट हेर्दा, यस्ता विषयमा समाजले जवाफ खोजिरहेको हुन्छ, सरकारले जवाफ दिनुपर्छ । सुशासनको एउटा मूलमर्म सार्वजनिक बहसको वृद्धि गर्नु हो । अहिले नेपालमा सार्वजनिक बहसमा थोरै व्यक्तिहरू मात्रै सामेल छन् । ज्ञानको प्रभुत्वबाट र सरकारको कार्यशैलीले धेरै मान्छेलाई बहसमा भाग लिने अवसर नै मिलेको छैन । एक ढंगबाट मानिस बहसका सन्दर्भमा सीमान्तकरणमा परेका छन् । नीतिगत पारदर्शिता, प्रक्रियाको पारदर्शिता, उत्तरदायित्व र जवाफदेहिताको व्यवस्थापनका पक्षमा मानिसले आफ्नो भनाइ राख्न पाउनुपर्छ । आफ्नो हित-अहितका सरोकार राख्न सक्छन् । जस्तो कि, कृषिको नीति तथा कार्यक्रमहरू बनाउँदा किसानलाई बहसमा भाग लिने वातावरण बनाउने काम मुख्यत: सरकारको हो । नागरिक समाजको पनि हो । त्यसरी बहसमा जोडिएका मानिसले आ-आफ्ना अनुभव र एजेन्डा राख्छन् । त्यसमाथि छलफल हुन्थ्यो । सीमान्तमा परेका एजेन्डा पनि सतहमा आउँथे । अनि परिपक्व नीति र प्रक्रिया तयार हुन्थ्यो । अहिले मूलधारमा देखिएका एजेन्डाहरू गहिरा र फराकिला छैनन् । सामाजिक न्यायका मुद्दा खासै छलफलमा छैनन् । सुशासन र सामाजिक न्यायको एउटा सामान्य अवधारणा हो- सकारात्मक विभेद । सरकारले सबैलाई बराबरी गर्ने होइन । जो कमजोर छन्, तिनीहरूका पक्षमा सरकार उभिनुपर्छ । सुन्दा सकारात्मक विभेद नराम्रो हो कि जस्तो लाग्न सक्छ । तर, यसको अर्थ वास्तवमा अत्यन्तै सुन्दर छ । जो कमजोर छ, राज्यले उसका पक्षमा नीति र कार्यक्रम ल्याउने यसको अवधारणा हो । जहिलेसम्म कमजोर समुदायले आफू लाभान्वित भएको र आफ्नो जीवनस्तर उठेको महसुस गर्दैन, त्यतिन्जेलसम्म सुशासन केवल कागजी खेल मात्रै हो । अहिले सरकारले सकारात्मक विभेदको पक्षमा के-के काम गरिरहेको छ, पहिलेभन्दा उन्नत तरिकाले गरिरहेको छ भनेर जवाफ दिएको छैन ।

साभार : कान्तिपुर ।

"पत्र-पत्रिकाहरुको कम्प्युटर सेटिङ्ग गर्नका लागि हामीलाई सम्झनुहोस ।"





सम्पर्क -: दिलीप कुमार साह :-
मो.नं.-९८४४०५१४८७ (जनकपुरधाम)
एकचोटी सेवाको मौका अवश्य दिनुहोला







प्रकाशक तथा सम्पादक : पवन कुमार साह, सह-सम्पादक : सोनी साह, मुद्रक : राजर्षि जनक अफसेट प्रिन्टर्स, जनकपुरधाम
प्र.कार्यालय : जलेश्वर -४, सुगा भवानीपट्टि, सम्पर्क कार्यालय : जनकपुरधाम–४ (मुरलीचौक), विज्ञापनको लागि सम्पर्क :९८४४०२७९७१/९८२४८७७६२७
Email:jaleshwortoday@gmail.com,web: www.jaleshwortoday.com, www.facebook.com/JaleshworToday,twitter.com/JaleshworToday